# छलक सूत्र

( हिन्दीबाट नेपालीमा अनुवादित )



अनुवादक

**धर्मरत्न शाक्य**

Downloaded from http://dhamma.digital

नमोतस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

# छक्क सूत्र

( हिन्दीबाट नेपालीमा अनुवादित )

समर्पण

श्री स्वर्गीय पिता बुद्धिमान शाक्यको पुण्य स्मृतिमा

अनुवादक

**धर्मरत्न शाक्य**

**प्रकाशक**

सानुकाजि निलकाजि शाक्य

भीमसेनटोल, तानसेन, पाल्पा

| | | | |
|---|---|---|---|
| बुद्ध सम्बत् | २५१२ | बिक्रम सम्बत् | २०२५ |
| नेपाल सम्बत् | १०८९ | इस्वी सम्बत् | १९६८ |

Downloaded from http://dhamma.digital

## श्री स्वर्गीय पिता बुद्धिमान शाक्यमा समर्पण-

[ जन्म वि. सं. १९३२ – परलोक १९८६ फाल्गुण कृष्ण पञ्चमी ]

### " माता पितु गुणो अनन्तो "

यस संसारमा माता पिताको गुण अनन्त छ। बालकलाई आफ्नो आमा बाबुबाट जे जति स्नेह, ममता, उपकार आदि मिल्दछ त्यति अरू कसैबाट प्राप्त हुन सक्दैन। यसकारण माता पिताको गुण कदापी बिर्सन हुन्न। पितालाई दाहिने काँध र मातालाई बायाँ काँधमा बोकेर उनको जीवन भार बोकेर हिंडे ता पनि पितृ ऋण तथा मातृ ऋणबाट हामी मुक्त हुन सक्दैनौं। पितृ ऋण र मातृ ऋणबाट मुक्त न भए सम्म हामीलाई निर्वाण फल कदापी प्राप्त हुन सक्दैन। बुद्ध र अरहन्तहरूलाई पनि पितृ र मातृ ऋणबाट मुक्त हुनु पर्दछ। आज स्वर्गीय पितालाई उत्तम सुगति, स्वर्ग तथा निर्वाण प्राप्त होस् भन्ने कामना गर्दै यो सानो पुस्तिका प्रकाशित गरेका छौं। सज्जन पाठक वर्गबाट यो छछक सूत्र मा भएको ज्ञान ग्रहण गर्नु भै सम्यक दृष्टि धारण गर्नु भएमा प्रकाशकहरूको प्रयास सफल हुने थियो। अस्तु।

सानुकाजी निलकाजी शाक्य

भीमसेन टोल, तानसेन

पाल्पा

Downloaded from http://dhamma.digital

# मेरो कुरा

धेरै दिनको आकांक्षा थियो नेपालमा पवित्र बुद्ध धर्मको प्रसार गर्न बुद्ध वचनलाई अनुबाद गरेर नेपाली दाज्यू भाईहरू सामुन्ने प्रस्तुन गर्नें। संयोगवश धेरै वर्ष पछि पूज्यबर भदन्त शाक्यानन्द महास्थबीर जस्ले मेरो शैषव कालमानै करूणापूर्वक बुद्ध धर्मको भण्डार भएको पाली भाषालाई मेरो अन्तष्करणमा घुसाउन प्रयत्नशील हुनु भै मलाई पढाउनु भएको थियो। वहाँ संग केही समय धर्म श्रवण गर्नें अवकाश श्री सूमङ्गल विहारमा प्राप्त भयो। सोही अवसरमा वहाँबाट मलाई यस पुस्तकमा प्रकाश भएको मज्झिमनिकाय का दुइ सूत्र नेपाली भाषा मा अनुवाद गर्नें आज्ञा प्राप्त भयो। म आफु भाषाविज्ञ त होइन परन्तु आफ्नो चीर आकांक्षालाई पूर्ति हुन जाने प्रेरणा पाएर हर्षले गद्गद् भएर अनुवाद शुरु गरें यसमा एक भाषाबाट अर्को भाषामा परिवर्तन गर्दा आफुलाई भएको अपठ्यारो पनलाई मैले आफ्नो भाषालाई सुहाउँदो पार्न अलिकति सानासाना पदहरूको थपघट पनि गरेको छु। यसको निम्ति म विज्ञ जनहरूसंग क्षमा याचना गर्दछु। यसमा मैले ग्रन्थको मूल्य भावलाई आफुले सकेसम्म नछोडी अनुवाद गरी पाठकहरूको समक्ष प्रस्तुत गरेकोछु, आशा छ पाठकवर्गले यसलाई स्वीकार गर्नु हुनेनैछ।

अनुवादक–

धर्मरत्न शाक्य

Downloaded from http://dhamma.digital

# छछक सूत्र

यस्तो मैले सुनेको छु–

एक समय भगवान श्रावस्तीमा अनाथपिण्डकको उद्यान जेतवनमा विहार गर्नु भएको थियो। त्यहाँ भगवानबाट भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– भिक्षुगण! भदन्त! भनीकन उनि भिक्षुहरूले भगवानलाई उत्तर दिए।

भगवानबाट आज्ञा भयो– भिक्षुगण! तिमीहरूलाई आदिमा पनि कल्याण हुने मध्यमा पनि कल्याण हुने पर्यवसान (अन्त) मा पनि कल्याण हुने सार्थक, ब्यञ्जन सहित भएको धर्म उपदेश दिन्छु, केवल परिपूर्ण परिशुद्ध ब्रम्हचर्यलाई प्रकाश गर्छु, जुन कि यो छछक हो यसलाई सुन, राम्रो तरिकाले मनमा धारण गर म भन्दछु।

हवस् भन्ते! भनीकन उनि भिक्षुहरूले उत्तर दिए।

भगवानबाट आज्ञा भयो–

(१) छ आध्यात्मिक आयतनहरूलाई जान्नु पर्छ।
(२) छ बाह्य आयतनहरूलाई जान्नु पर्छ।
(३) छ विज्ञान कायहरूलाई जान्नु पर्छ।
(४) छ स्पर्श कायहरूलाई जान्नु पर्छ।
(५) छ वेदना कायहरूलाई जान्नु पर्छ।
(६) छ तृष्णा कायहरूलाई जान्नु पर्छ।

Downloaded from http://dhamma.digital

[१] यो जुन छ आध्यात्मिक आयतनहरूलाई जान्नु पर्छ भनें त्यो के भने- (१) चक्षु आयतन (२) श्रोत आयतन (३) घ्राण आयतन (४) जिह्वा आयतन (५) काय. आयतन (६) मन आयतन। यो प्रथम छक्क हो।

[२] यो जुन छ बाह्य आयतनहरूलाई जान्नु पर्छ भनें, त्यो के भने- (१) रुप आयतन (२) शब्द आयतन (३) गन्ध आयतन (४) रस आयतन (५) स्पर्श- आयतन (६) धर्म आयतन। यो द्वितीय छक्क हो।

[३] यो जुन छ विज्ञान कायहरूलाई जान्नु पर्छ भनें, त्यो के भने- (१) चक्षुबाट रूपमा चक्षु विज्ञान उत्पन्न हुन्छ। (२) श्रोतबाट शब्दमा श्रोत विज्ञान उत्पन्न हुन्छ। (३) घ्राणबाट गन्धमा घ्राण विज्ञान उत्पन्न हुन्छ। (४) जिह्वाबाट रसमा जिह्वा विज्ञान उत्पंन्न हुन्छ (५) कायबाट स्प्रब्यट्र्मा काय विज्ञान उत्पन्न हुन्छ। (६) मनबाट धर्ममा मनोविज्ञान उत्पन्न हुन्छ। यो तृतीय छक्क हो।

[४] यो जुन छ स्पर्श कायहरूलाई जान्नु पर्छ भनें, त्यो के भने- (१) चक्षुबाट रुपमा चक्षु विज्ञान उत्पन्न हुन्छ, चक्षु, रुप अनि चक्षु विज्ञान यी तीन कुराको संगम चक्षु स्पर्श हो। (२) त्यस्तै श्रोत, शब्द अनि श्रोत विज्ञानको संगम श्रोत स्पर्श। (३) घ्राण, गन्ध अनि घ्राण विज्ञान को संगम घ्राण स्पर्श। (४) जिह्वा, रस अनि जिह्वा

Downloaded from http://dhamma.digital

विज्ञानको संगम जिह्वा स्पर्श। (५) काय स्प्रष्ट्रव्य अनि काय विज्ञानको संगम काय स्पर्श। (६) मन, धर्म अनि मनोविज्ञानको संगम मन स्पर्श हो, यो चतुर्थ छक्क हो।

[५] यो जुन छ वेदना कायहरूलाई जान्नु पर्छ भनें, त्यो के भने- (१) चत्तुबाट रुपमा चक्षु विज्ञान उत्पन्न हुन्छ. तीनै कुराको संगम स्पर्श हो। स्पर्शको कारणले वेदना (अनुभव) हुन्छ। (२) त्यस्तै श्रोत (३) घ्राण (४) जिह्वा (५) काय (६) मनबाट विज्ञान उत्पन्न हुन्छ, तीनै कुराको संगम स्पर्श हो, स्पर्शको कारणले वेदना हुन्छ, यो पञ्चम छक्क हो।

[६] यो जुन छ तृष्णा कायहरूलाई जान्नु पर्छ भनें, त्यो के भने- (१) चत्तुबाट रूपमा चक्षु विज्ञान उत्पन्न हुन्छ, तीनै कुराको संगम स्पर्श हो, स्पर्शको कारणले वेदना हुन्छ, वेदनाको कारणबाट तृष्णा हुन्छ।

(२) त्यस्तै श्रोत० (३) घ्राण० (४) जिह्वा० (५) काय० (६) मनबाट विज्ञान उत्पन्न हुन्छ, तीनै कुराको संगम स्पर्श हो, स्पर्शको कारणले वेदना हुन्छ, वेदनाको कारण बाट तृष्णा हुन्छ, यो षष्ठम छक्क हो।

Downloaded from http://dhamma.digital

# इन्द्रिय आत्मा होइन

(१) जस्ले "चक्षु आत्मा हो" भन्छ, उस्लाई थाहा छैन कि चक्षुको उत्पत्ति वा विनाश पनि देखिन्छ भनेर। परन्तु जस्ले उत्पत्ति र विनाश देख्छ उसलाई "मेरो आत्मा उत्पन्न हुन्छ, नाश हुन्छ" भन्ने विचार आउँछ। त्यस कारण तिनि चक्षु आत्मा हो भन्ने लाई यस्तो विचार उत्पन्न हुँदैन। जस्ले "चक्षु आत्मा हो" भन्छ त्यो होइन चक्षु अनात्मा हो।

(२) त्यस्तै रुप आत्मा होइन, रुप अनात्मा हो। यस प्रकार ले चक्षु अनात्मा हो, रुप अनात्मा हो।

(३) चक्षु विज्ञान आत्मा होइन, चक्षु विज्ञान अनात्मा हो। यस प्रकारले चक्षु अनात्मा हो, रूप अनात्मा हो, चक्षु विज्ञान अनात्मा हो।

(४) चक्षु संस्पर्श आत्मा होइन, चक्षु संस्पर्श अनात्मा हो। यसप्रकारले चक्षु अनात्मा हो, रूप अनात्मा हो चक्षु विज्ञान अनात्मा हो, चक्षु संस्पर्श अनात्मा हो।

(५) वेदना आत्मा होइन, वेदना अनात्मा हो। यसप्रकारले चक्षु अनात्मा हो, रूप अनात्मा हो। चक्षु विज्ञान अनात्मा हो, चक्षु संस्पर्श अनात्मा हो। वेदना अनात्मा हो।

(६) जस्ले "तृष्णा आत्मा हो" भन्छ, उसलाई थाहा छैन कि तृष्णाको उत्पत्ति वा विनाश देखिन्छ भनेर। परन्तु

Downloaded from http://dhamma.digital

जस्ले तृष्णाको उत्पत्ति र विनाश देख्छ उसलाई "मेरो आत्मा उत्पन्न हुन्छ, नाश हुन्छ" भन्ने विचार आउँछ। त्यसकारण उनी तृष्णा आत्मा हो भन्नेलाई यस्तो विचार उत्पन्न हुँदैन। जस्ले तृष्णा आत्मा हो भन्छ त्यो होइन, तृष्णा अनात्मा हो। यस प्रकारले चक्षु अनात्मा हो, रूप अनात्मा हो, चक्षु विज्ञान अनात्मा हो, चक्षु संस्पर्श अनात्मा हो, वेदना अनात्मा हो, तृष्णा अनात्मा हो।

(२) जस्ले "श्रोत आत्मा हो" भन्छ उसलाई थाहा छैन कि श्रोतको उत्पत्ति वा विनाश पनि देखिन्छ, परन्तु जस्ले उत्पत्ति र विनाश देख्छ उसलाई "मेरो आत्मा उत्पन्न हुन्छ, बिनाश हुन्छ" भन्ने विचार आउँछ। त्यस कारण तिनी श्रोत आत्मा हो भन्नेलाई यस्तो विचार उत्पन्न हुँदैन। जस्ले श्रोत आत्मा हो भन्छ, त्यो होइन, श्रोत अनात्मा हो। त्यस्तै शब्द, श्रोत विज्ञान, श्रोत संस्पर्श, वेदना, तृष्णा आत्मा होइन, अनात्मा हो। यस प्रकारले श्रोत अनात्मा हो, शब्द अनात्मा हो, श्रोत विज्ञान अनात्मा हो, श्रोत संस्पर्श अनात्मा हो, वेदना अनात्मा हो, तृष्णा अनात्मा हो।

(३) जस्ले "घ्राण आत्मा हो" भन्छ उसलाई थाहा छैन कि घ्राणको उत्पत्ति वा विनाश पनि देखिन्छ। परन्तु जस्ले उत्पत्ति र विनाश देख्छ उसलाई "मेरो आत्मा

Downloaded from http://dhamma.digital

उत्पन्न हुन्छ, नाशहुन्छ" भन्ने बिचार आउँछ, त्यसकारण ती घ्राण आत्मा हो भन्ने लाई यस्तो बिचार उत्पन्न हुँदैन । जस्ले घ्राण आत्मा हो भन्छ त्यो होइन घ्राण अनात्मा हो । त्यस्तै गन्ध, घ्राणविज्ञान, घ्राण संस्पर्श वेदना, तृष्णा. आत्मा, होइन, अनात्मा हो । यस प्रकारले घ्राण अनात्मा हो, गन्ध अनात्मा हो घ्राण विज्ञान, अनात्मा हो, घ्राण संस्पर्श अनात्मा हो, वेदना अनात्मा हो, तृष्णा अनात्मा हो ।

(४) जस्ले "जिह्वा आत्मा हो" भन्छ उसलाई थाहा छैन कि जिह्वाको उत्पत्ति वा विनाश पनि देखिन्छ भनेर। परन्तु जस्ले उत्पत्ति र विनाश देख्छ उसलाई "मेरो आत्मा उत्पन्न हुन्छ, नाश हुन्छ" भन्ने विचार आउँछ, त्यसकारण ती जिह्वा आत्मा हो भन्नेलाई यस्तो विचार आउँदैन। जस्ले जिह्वा आत्मा हो भन्छ त्यो होइन, जिह्वा अनात्मा हो। त्यस्तै रस, जिह्वा विज्ञान, जिह्वा-संस्पर्श, वेदना, तृष्णा आत्मा होइन, अनात्मा हो। यस प्रकारले जिह्वा अनात्मा हो, रस अनात्मा हो, जिह्वा विज्ञान अनात्मा हो, जिह्वा संस्पर्श अनात्मा हो, वेदना अनात्मा हो, तृष्णा अनात्मा हो।

(५) जस्ले "काय आत्मा हो" भन्छ उसलाई थाहा छैन कि कायको उत्पत्ति वा विनाश पनि देखिन्छ भनेर, परन्तु जस्ले उत्पत्ति र विनाश देख्छ उसलाई "मेरो आत्मा उत्पत्ति हुन्छ, नाश हुन्छ" भन्ने विचार आउँछ, त्यसकारण ती काय आत्मा हो भन्नेलाई यस्तो विचार उत्पन्न

Downloaded from http://dhamma.digital

हुँदैन। जस्ले "काय आत्मा हो" भन्छ त्यो होइन, काय अनात्मा हो। त्यस्तै स्प्रष्ट्रब्य, काय विज्ञान, काय संस्पर्श, वेदना, तृष्णा आत्मा होइन, अनात्मा हो। यस प्रकारले काय अनात्मा हो, स्प्रष्ट्रब्य अनात्मा हो, काय विज्ञान अनात्मा हो, काय संस्पर्श अनात्मा हो, वेदना अनात्मा हो, तृष्णा अनात्मा हो।

(६) जस्ले "मन आत्मा हो" भन्छ उसलाई थाहा छैन कि मनको उत्पत्ति वा विनाश पनि देखिन्छ भनेर, परन्तु जस्ले उत्पत्ति र विनाश देख्छ उसलाई "मेरो आत्मा उत्पत्ति हुन्छ, नाश हुन्छ" भन्ने विचार आउँछ, त्यस कारण ती मन आत्मा हो भन्नेलाई यस्तो विचार उत्पत्ति हुँदैन। जस्ले "मन आत्मा हो" भन्छ त्यो होइन, मन अनात्मा हो। त्यस्तै धर्म, मनोविज्ञान, मन संस्पर्श, वेदना, तृष्णा आत्मा होइन, अनात्मा हो। यस प्रकारले मन अनात्मा हो, धर्म अनात्मा हो, मनोविज्ञान अनात्मा हो, मन संस्पर्श अनात्मा हो, वेदना अनात्मा हो, तृष्णा अनात्मा हो।

Downloaded from http://dhamma.digital

## सत्काय वाद

भिक्षुगण ! यो सत्काय (आत्म नित्यतावाद) को समुदय (उत्पत्ति) को तर्फ लाने प्रतिपदा (मार्ग) छ।

(१) चक्षुलाई सम्भन्छ कि– "यो मेरो हो, यो म हुं" यो मेरो आत्मा हो। त्यस्तै रूपलाई, चक्षु विज्ञानलाई, चक्षु-संस्पर्शलाई, वेदनालाई, तृष्णालाई सम्भन्छ कि "यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो"।

(२) श्रोतलाई सम्भन्छ कि – "यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो"। त्यस्तै शब्दलाई, श्रोत विज्ञानलाई, श्रोत-संस्पर्शलाई, वेदनालाई, तृष्णालाई सम्भन्छ कि 'यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो।'

(३) घ्राणलाई सम्भन्छ कि– 'यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो'। त्यस्तै गन्धलाई, घ्राण विज्ञानलाई, घ्राण संस्पर्शलाई, वेदनालाई, तृष्णालाई सम्भन्छ कि 'यो मेरो हो यो म हुँ, यो मेरो आत्मा हो'।

(४) जिह्वालाई सम्भन्छ कि– 'यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो'। त्यस्तै रसलाई, जिह्वा विज्ञानलाई, जिह्वा संस्पर्शलाई, वेदनालाई, तृष्णालाई सम्भन्छ कि 'यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो'।

(५) कायलाई सम्भन्छ कि– 'यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो'। त्यस्तै स्प्रष्ट्रब्यलाई, काय विज्ञानलाई, काय संस्पर्शलाई, वेदनालाई सम्भन्छ कि 'यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो'।

Downloaded from http://dhamma.digital

(६) मनलाई सम्झन्छ कि– 'यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो'। त्यस्तै धर्मलाई, मनोविज्ञानलाई, मन संस्पर्श लाई, वेदनालाई, तृष्णालाई सम्झन्छ कि 'यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो'।

## सत्कायवाद खण्डन

भिक्षुगण! यो सत्कायलाई निरोध (विनाश) तर्फ लैजाने प्रतिपदा छ–

(१) चक्षुलाई सम्झन्छ कि– 'यो (चक्षु) मेरो होइन, यो म होइन, यो मेरो आत्मा होइन'। त्यस्तै रूपलाई, चक्षुविज्ञान लाई, चक्षु संस्पर्शलाई, वेदनालाई, तृष्णालाई सम्झन्छ कि 'यो मेरो होइन, यो म होइन, यो मेरो आत्मा होइन'।

(२) श्रोतलाई सम्झन्छ कि– 'यो मेरो होइन, यो म होइन, यो मेरो आत्मा होइन'। त्यस्तै शब्दलाई, श्रोत विज्ञानलाई, श्रोत संस्पर्शलाई, वेदनालाई, तृष्णालाई सम्झन्छ कि 'यो मेरो होइन, यो म होइन, यो मेरो आत्मा होइन'।

(३) घ्राणलाई सम्झन्छ कि 'यो मेरो होइन, यो म होइन, यो मेरो आत्मा होइन'। त्यस्तै गन्धलाई, घ्राण विज्ञानलाई, घ्राण संस्पर्शलाई, वेदनालाई, तृष्णालाई सम्झन्छ कि 'यो मेरो होइन, यो म होइन, यो मेरो आत्मा होइन'।

Downloaded from http://dhamma.digital

(४) जिह्वालाई सम्झन्छ कि 'यो मेरो होइन, यो म होइन, यो मेरो आत्मा होइन'। त्यस्तै रसलाई, जिह्वा विज्ञानलाई, जिह्वा संस्पर्शलाई, वेदनालाई र तृष्णालाई सम्झन्छ कि 'यो मेरो होइन, यो म होइन, यो मेरो आत्मा होइन'।

(५) कायलाई सम्झन्छ कि 'यो मेरो होइन, यो म होइन, यो मेरो आत्मा होइन'। त्यस्तै स्प्रष्ट्रव्यलाई, काय विज्ञानलाई, काय संस्पर्शलाई, वेदनालाई तृष्णालाई सम्झन्छ कि 'यो मेरो होइन, यो म होइन, यो मेरो आत्मा होइन'।

(६) मनलाई सम्झन्छ कि 'यो मेरो होइन, यो म होइन, यो मेरो आत्मा होइन'। त्यस्तै धर्मलाई, मनो विज्ञानलाई, मन संस्पर्शलाई, वेदनालाई र तृष्णालाई सम्झन्छ कि 'यो मेरो होइन, यो म होइन, यो मेरो आत्मा होइन'।

## अनुशयको उत्पत्ति

भिक्षुगण! चक्षुबाट रूपमा चक्षु विज्ञान उत्पन्न हुन्छ, तीनै कुराको संगम स्पर्श हो, स्पर्शबाट सुख दुःख वा अदुःख-असुख वेदना उत्पन्न हुन्छ, सुख वेदनाले संयुक्त भयो भने अभिनन्दन अभिवादन गर्छ आशक्त भैरहन्छ, उसलाई राग अनुशय ( सूक्ष्म संस्कार ) टाँसिन्छ। दुःख वेदनाले संयुक्त भयो भने शोक गर्छ, कराउँछ, बिलाप गर्छ, छाति पिटेर रून्छ र मुर्छित हुन्छ। उसलाई प्रतिघ अनुशय ( दुःख दिने प्रतिको प्रति हिंसा ) टाँसिन्छ। अदुःख-असुख वेदनाले संयुक्त भयो भने त्यस वेदनाको उत्पन्न विनाश आस्वाद दुष्परिणाम र निस्कने बाटोलाई यथार्थरूपले जान्न सकिंदैन। उसलाई अविद्या अनुशय

Downloaded from http://dhamma.digital

टाँसिन्छ। त्यसकारण सुख वेदना भएको राग अनुशयलाई नछोडी, दुःख वेदना भएको प्रतिघः (द्वेष) अनुशयलाई नहटाई अदुःख असुख वेदना भएको अविद्या अनुशयलाई नमारी, अविद्यालाई नछोडी, विद्या उत्पादित नगरीकन यही जन्ममा संसार दुःखलाई अन्त गर्न सक्ने हुन्छ (भन्छ भने) यो सम्भव छैन।

त्यस्तै श्रोत, घ्राण, जिह्वा, काय, मनबाट धर्ममा मनोविज्ञान उत्पन्न हुन्छ, तीनै कुराको संगम स्पर्श हो, स्पर्शबाट सुख दुःख वा अदुःख असुख वेदना उत्पन्न हुन्छ, सुख वेदनाले सयुक्त भयो भने अभिनन्दन अभिवादन गर्छ, आशक्त भै रहन्छ, उसलाई राग अनुशय टाँसिन्छ। दुःख वेदनाले संयुक्त भयो भने शोक गर्छ, कराउँछ, बिलाप गर्छ, छाति पिटेर रून्छ र मुर्छित हुन्छ, उसलाई प्रतिघ अनुशय टाँसिन्छ। अदुःख-असुख वेदनाले संयुक्त भयो भने त्यस वेदनाको उत्पन्न बिनाश आस्वाद दुष्परिणाम र निस्केर जाने बाटोलाई यथार्थ रूपले जान्न सक्दैन उसलाई अविद्या अनुशय टाँसिन्छ। त्यसकारण सुख वेदना भएको राग अनुशयलाई नछोडी, दुःख वेदना भएको प्रतिघ (द्वेष) अनुशयलाई नहटाई, अदुःख असुख वेदना भएको अविद्या अनुशयलाई नमारी, अविद्यालाई नछोडी विद्या उत्पादित नगरीकन यही जन्ममा संसार दुःखलाई अन्त गर्न सक्ने हुन्छ (भन्छ भने) यो स्थान संभव छैन।

Downloaded from http://dhamma.digital

# अनुशयहरूको विनाश – दुःखको विनाश

भिक्षुगण ! चक्षुबाट रूपमा चक्षु विज्ञान उत्पन्न हुन्छ. तीनै कुराको संगम स्पर्श हो, स्पर्शबाट सुख दुःख अदुःख असुख वेदना उत्पन्न हुन्छ, सुख वेदनाले संयुक्त भए पनि अभिनन्दन अभिवादन गर्दैन, आशक्त भैरहँदैन, उसलाई राग अनुशय टाँसिदैन। दुःख वेदनाले संयुक्त भए पनि शोक गर्दैन, कराउँदैन, बिलाप गर्दैन, छाति पिटर रूँदैन र मुर्छित हुँदैन, उसलाई प्रतिघ (द्वेष) अनुशय टाँसिदैन । अदुःख असुख वेदनाले संयुक्त भए पनि त्यस वेदनाको समुदय, बिनाश, आस्वाद, दुष्परिणाम र निस्कने बाटोलाई यथार्थ रूपले जानेको हुन्छ, उसलाई अविद्या अनुशय टाँसिदैन। त्यसकारण उसले सुख वेदना भएको राग अनुशयलाई छोडी, दुःख वेदना भएको प्रतिघ अनुशयलाई हटाई, अदुःख असुख वेदना भएको अविद्या अनुशयलाई मारी अविद्यालाई छोडी, विद्या उत्पादित गरी यही जन्ममा संसार दुःखलाई अन्त गर्न सक्ने हुन्छ। यो स्थान संभव छ।

त्यस्तै श्रोत, घ्राण, जिह्वा, काय, मनबाट धर्ममा रूनो विज्ञान उत्पन्न हुन्छ, तीनै कुराको संगम स्पर्श हो। स्पर्शबाट सुख दुःख अदुःख असुख वेदना उत्पन्न हुन्छ, सुख वेदनाले संयुक्त भए पनि अभिनन्दन अभिवादन गर्दैन, आशक्त भैरहँदैन उसलाई राग अनुशय टाँसिदैन। दुःख वेदनाले संयुक्त भए पनि शोक गर्दैन, कराउँदैन, बिलाप गर्दैन, छाति पिटेर रूँदैन र मुर्छा हुँदैन, उसलाई प्रतिघ अनुशय टाँसिदैन। अदुःख असुख वेदनाले युक्त भए पनि त्यस वेदनाको उत्पन्न विनाश आस्वाद

Downloaded from http://dhamma.digital

दुष्परिणाम र निस्कने बाटोलाई यथार्थ रूपले जानेको हुन्छ, उसलाई अविद्या अनुशय टाँसिदैन। त्यसकारण उसले सुख-वेदना भएको राग अनुशयलाई छोडी, दुःख वेदना भएको प्रतिघ अनुशयलाई हटाइ, अदुःख असुख वेदना भएको अविद्या अनुशयलाई मारी, अविद्यालाई छोड़ी विद्या उत्पादित गरी यही जन्ममा दुःखबाट अन्त हुन सक्ने हुन्छ। यो स्थान संभव छ।

## निर्वाण प्राप्ति

भिक्षुगण! यस प्रकार बाट देखेका श्रुतवान आर्यश्रावक चक्षुमा निर्वेद (उदासीनता) प्राप्त भएको हुन्छ, रुप, चक्षु विज्ञान, चक्षु संस्पर्श, वेदना, तृष्णा। श्रोत, शद्व, श्रोत विज्ञान, श्रोत संस्पर्श, वेदना, तृष्णा। घ्राण, गन्ध, घ्राण विज्ञान, घ्राण संस्पर्श, वेदना, तृष्णा। जिह्वा, रस, जिह्वा विज्ञान, जिह्वा संस्पर्श, वेदना, तृष्णा। काय, स्प्रष्टब्य, काय विज्ञान, काय संस्पर्श, वेदना, तृष्णा। मन, धर्म, मनोविज्ञान, मन संस्पर्श, वेदना, तृष्णा मा निर्वेद प्राप्त भएको हुन्छ। निर्वेद भएर विरक्त हुन्छ। विराग भए पछि विमुक्त हुन्छ। विमुक्त भए पछि "विमुक्त भएँ" भन्ने ज्ञान हुन्छ। "पुनर्जन्म नष्ट भयो, ब्रम्हचर्यवास पूर्ण भयो, कृतकरणीय भै सक्यो, फेरि यहाँ गर्नु पर्ने बाकी केही रहेन" भन्ने यो ज्ञान हुन्छ।

भगवानबाट यो उपदेश भए पछि सन्तुष्ट भएर ती भिक्षुहरूले भगवानको भाषणलाई अभिनन्दन गर्‍यो।

यस उपदेश व्याख्या गर्नु हुँदा साठी जना भिक्षुहरूको उपादान नष्ट भएर आश्रवबाट चित्त मुक्त भयो।

---

Downloaded from http://dhamma.digital

मुद्रक– तिलक प्रेस, तानसेन

Downloaded from http://dhamma.digital